## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- ०७०/६१
चलानी नं.:- ४६

मिति २०७० ०६ १५

विषय: **निर्णय सम्वन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालयहरु,
७५, सबै ।

प्रस्तुत विषयमा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय कानून तथा फैसला कार्यान्वयन शाखाको पत्र संख्या २०७०/०७१ च. नं. ७०७, मिति २०७०/०५/१८ को प्राप्त रोडा, ढुंगा, गिट्टी र वालुवा सम्वन्धी पत्र आवश्यक जानकारी र कार्यान्वयनको लागि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

तुलाराज सुनुवार
(शाखा अधिकृत)

नेपाल सरकार

## विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

(कानून तथा फैसला कार्यान्वयन शाखा)

पत्र संख्या : २०७०/०७१ कानून
च.नं. : 606

११८
2070/5/20

मिति : २०७०/०५/१८

श्रीमान् सचिवज्यू, अर्थ मन्त्रालय,
श्रीमान् सचिवज्यू, उद्योग मन्त्रालय,
श्रीमान् सचिवज्यू, गृह मन्त्रालय,
श्रीमान् सचिवज्यू, वन तथा भू-संरक्षण मन्त्रालय,
श्रीमान् सचिवज्यू, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
श्रीमान् सचिवज्यू, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७०।०३।२७ को निर्णयवाट स्वीकृत भएको गेडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन सम्वन्धी प्रतिवेदन तहाँ मन्त्रालय र सो अन्तर्गत निकायहरुवाट कार्यान्वयन गर्ने गराउने आवश्यक व्यवस्था हुन र सो प्रतिवेदनमा समावेश नरहेका विषयहरुका सम्वन्धमा साविक बमोजिमको प्रतिवेदन, २०६७ बमोजिम नै गर्न गराउनु हुन भनी यस मन्त्रालयको प.स २०७०।०७१ कानून, च.नं २१५ मिति २०७०।०४।१३ को पत्र मार्फत लेखी पठाइएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. म.वै.०७०, च.नं १९९ मिति २०७०।०५।१७ को पत्रवाट "मन्त्रिपरिषद्को मिति २०७०।०३।२७ को निर्णयानुसार रोडा, ढुङ्गा, गिट्टी तथा बालुवा नियमन तथा बिदेश निकासी सम्बन्धी प्रतिवेदन, २०६९ मा राजमार्ग, खोला किनार, शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज र आरक्ष एवं घनावस्तीवाट कायम भएको दुरीको सट्टा मन्त्रिपरिषद्को उक्त मितिको निर्णय भन्दा पूर्वकै मापदण्ड बमोजिम दूरी कायम गरी कार्यान्वयन गर्ने" भनी नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७०।०५।१७ को निर्णयानुसार लेखी आएकोले सोही अनुसार देहायका विषयहरुमा देहाय बमोजिम गर्ने गराउन आवश्यक व्यवस्था हुन र अन्य विषयहरुका सम्वन्धमा साविक वमोजिम नै हुने व्यहोरा आदेशानुसार अनुरोध गर्दछु ।

| क.सं. | विषय | कायम गरिएको दुरी |
|---|---|---|
| १. | राजमार्गवाट | ५०० मि. |
| २. | खोला किनारवाट | ५०० मि. |
| ३. | शिक्षण संस्थावाट | २ कि.मि. |
| ४. | स्वास्थ्य संस्थाबाट | २ कि.मि. |
| ५. | धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका स्थानवाट | २ कि.मि. |
| ६. | सुरक्षा निकायवाट | २ कि.मि. |
| ७. | वन, निकुञ्ज र आरक्षवाट | २ कि.मि. |
| ८. | घनावस्तीवाट | २ कि.मि. |

**बोधार्थ :**